## सूचना ३

पर्यटन मन्त्रालयका सचिव श्री वीरेन्द्रनाथ खुजेली विश्व पर्यटन संगठनको छैठौं महासभा र सो संगठनको दक्षिण एशिया आयोगको बैठकमा भागलिन बुल्गेरिया-तर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री सुवर्णजङ्ग राणालाई मिति २०४२।५।३० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ४

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री मंगलकृष्ण श्रेष्ठ घर बिदामा बस्नु-भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री श्यामकुमार प्रधानलाई मिति २०४२।५।३० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ५

भूमिसुधार मन्त्रालयका सचिव श्री नारायणविक्रम शाह अस्वस्थ भई बिदामा बस्नुभएको र सोही मन्त्रालयको सह-सचिव श्री किरेन्द्रसिंह के. सी. पनि सरकारी काममा विदेशतर्फ जानुभएकोले सचिव श्री नारायणविक्रम शाह फर्की हाजिर नभएसम्म वा सह-सचिव श्री किरेन्द्रसिंह के. सी. विदेशबाट फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नापी विभागका महा-निर्देशक श्री अर्जुनबहादुर बस्न्यातलाई मिति २०४२।५।३० देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

268